जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक


MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ९९ पृष्ठः ४ | २०८२ साउन २० गते मंगलबार (Tuesday 05 Aug. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## हलेंसी दर्शन गरेर फर्किंदै गरेको विंगर दुर्घटना



सिरहा, १९ साउन। सिराहाको नरहा गाउँपालिकाबाट खोटाङको हलेँसी महादेव दर्शन गरेर फर्किने क्रममा विंगर दुर्घटना हुँदा १० महिलासहित १७ जना घाइते भएका छन्। मध्यपहाडी लोकमार्ग अन्तर्गत खोटाङको हलेँसी तुवाचुङ नगरपालिका- १, दौत्य खोला खण्डमा प्र.२-०१-००१ ज ००५३ नम्बरको विंगर सोमबार बिहान ८ बजेतिर आफैँ अनियन्त्रित भई सडकबाट करिब दुई सय मिटर तल खसेको जिल्ला प्रहरी कार्यालय खोटाङले जनाएको छ।

दुर्घटनामा घाइते भएकामध्ये गम्भिर अवस्थाका ६ महिला र चार पुरुष गरी १० जनालाई स्थानीय स्वास्थ्य संस्थामा सामान्य उपचारपछि थप उपचारका लागि ट्रमा सेन्टर काठमाडौं रेफर गरिएको खोटाङ प्रहरीका सूचना अधिकारी प्रहरी निरीक्षक सुशान्त मिश्रले जानकारी दिए। उनका अनुसार टाउको, ढाड र शरीरका विभिन्न भागमा गम्भिर चोटपटक लागेका १० जनालाई काठमाडौं पठाइएको हो। काठमाडौं पठाइएकाहरुमा नरहा- ५ बलुवाका करिब ४० वर्षीय राजु यादव, रामशरण ठाकुरकी श्रीमती नाम नखुलेकी महिला, करिब ३२ वर्षीया सविता कुमारी यादव, ४० वर्षीया मिथिला कुमारी यादव छन्।

त्यस्तै, बलुवा गाउँकै करिब ३२ वर्षीया लक्ष्मी शर्मा, करिब ३२ वर्षीय नदिन शर्मा, झालुदेवी यादव, ३० वर्षीया पुनम यादव, नरहा- २ पानबारीका करिब ५७ वर्षीय धनेश्वर यादव र धनुषाको सबैला नगरपालिका- ४ का करिब ७९ वर्षीय दुर्योधन यादवलाई ट्रमा सेन्टर पठाइएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार दुर्घटनामा घाइते भएकी नरहा- ५ का मनोज यादवकी श्रीमती करिब ३० वर्षीया ममतादेवी यादवलाई उदयपुरको कटारी अस्पताल पठाइएको छ।

-बाँकी तीन पेजमा

## जथाभावी माटो र बालुवा निकाल्दा मैनाबत्ती खोलाको पुल भासियो



सिरहा, १९ साउन। सिरहाको मिर्चैया नगरपालिका-२ मल्हनियाँ पिराडी र १२ नम्बर वडामा पर्ने सिक्रौन गाउँको सडक खण्डमा पर्ने मैनाबत्ती खोलाको पुल भासिएको छ। मल्हनियाँ पिराडी गाउँहुँदै दक्षिणतर्फ सिक्रौन जाने सडकको उक्त पुल सोमबार बिहान आएको बाढीले भासिदा आवागमन पूर्ण रूपमा अवरुद्ध भएको स्थानीय विशेश्वर मण्डलले बताए। उनका अनुसार स्थानीय बासिन्दाको विरोधका बाबजुद मैनाबत्ती खोलाबाट अनियन्त्रित रुपमा वालुवा र किनारको माटो निकालेर सडक भर्ने काम गरिएपछि कमजोर भएको बेस बाढीले भासिएको हो।

करिब डेढ दशकअघि गरिबी निवारण कार्यक्रमअन्तर्गत निर्माण

-बाँकी दुई पेजमा





GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## सिराहामा मलको अभाव छैन

**जीवछ यादव**



लहान, १९ साउन। दुई दिन यता लगातार वर्षा हुन थालेपछि रोपाइँ गरिसकेको खेतमा मल छर्न किसानले मलखादको माग गरिहेका छन्। माग अनुसारको मलखाद वितरण भइरहेको कृषि सामग्री कम्पनि लिमिटेड शाखा लहानले जनाएको छ। शाखा प्रमुख दीपराज पौडेलका अनुसार सिराहा जिल्लाको १७ वटा पालिकाहरूमा १२५ कृषि सहकारीलाई दोस्रो पटकको डिएपी र युरिया मल वितरण भइरहेको छ। दोस्रो पटक साउन महिनामा डिएपी ९३९ मेट्रिक टन, युरिया एक हजार ०२७ मेट्रिक टन मल खाद आइपुगेको छ। यसअघि असार महिनामा ८१५ मेट्रिक टन डिएपी एक हजार ०१४ मेट्रिक टन युरिया आएको थियो। दोस्रो पटक आएको मलखाद्य वितरण सकिएपछि तेस्रो चरणको मल पनि आउने भएकोले आपूर्ति सहज छ।

कृषि सामग्री कम्पनी लिमिटेड लहानमा नै मलखाद खोज्न आइपुगेका नवराजपुर गाउँपालिका-१ का शिवनाथ यादवले नवराजपुर गाँउपालिकामा

-बाँकी दुई पेजमा


### हेपाटाइटिस रोगबाट बचौं

- हेपाटाइटिस कलेजोमा हुने एक प्रकारको संक्रमण हो,
- यस्तो संक्रमणले कलेजो बिग्रन सक्छ,
- हेपाटाइटिस A, B, C, D, र E गरी पाँच प्रकारका हुन्छन्।

**यसका लक्षणहरू:**
- थकान महसुस हुने,
- पेट दुखे,
- आँखाको सेतो भाग पहेँलो हुने (जन्डिस देखिने),
- वान्ता वा खानामा अरुचि हुने,
- तौल घट्ने जस्ता लक्षण देखिन सक्छन्।

**हेपाटाइटिसबाट बच्न:**
- सफा पानी पिउने,
- स्वच्छ खाना खाने,
- हेपाटाइटिस विरुद्धको खोप लगाउने,
- संक्रमितको रगत तथा सुईबाट टाढा रहने,
- सुरक्षित यौन सम्पर्क गर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## रोसीका 'क्रसर दैत्य' नियन्त्रण गर !

नेपालमा भौतिक संरचनाको निर्माण र मर्मत दुवै चुनौतीपूर्ण हुन्छ। साधनस्रोत, जनशक्ति, प्रविधिको अभाव त छँदैछ तिनको प्रयोगमा भौगोलिक र वातावरणीय अवरोध पनि उत्तिकै छ। सरकारी संयन्त्रको गैरजिम्मेवारी र व्यवसायीको लुटले समस्या झन् जटिल भएको देखिन्छ। प्राकृतिक स्रोतको दोहन गर्न 'सुनको फुल पार्ने कुखुरी काटिहाल्ने' 'ढुंगाबालुवा दैत्य' प्रवृत्तिले भौतिक संरचना बनिनसक्दै भत्किने जोखिम बढाएको हुन्छ। पुनर्निर्माणको चरणमा रहेको बीपी राजमार्ग र वरपर चलाइएका क्रसरहरू यसका प्रतिनिधि उदाहरण बनेका छन्।

नेपालका सडकहरूमा सबैभन्दा सुन्दर र बलियो मानिएको जापानी सहयोगमा निर्मित बीपी राजमार्ग सरकारी हेलचेक्र्याइँका कारण दयनीय अवस्थामा पुगेको हो। सडकको भारवहन क्षमताभन्दा बढी भारी बोकेको सवारी साधनहरू गुडाउन दिएर सबैभन्दा पहिले यो सडक भत्काउने षड्यन्त्र गरियो। त्यसपछि नदी र खोलाका किनारबाट निर्माण सामग्री खोस्रन दैत्याकार मिसिनहरू प्रयोग गरेर सडकको जगका साथै नदीको सतहमा समेत अतिक्रमण गरियो। यी सबै 'कुकर्म' कि त राजनीतिक नेताहरूको स्वामित्वमा नभए संरक्षणमा भए भने प्रहरी र प्रशासकहरूले पनि भाग बिलो लिए।

गत वर्ष सडकको रेखांकनसमेत ठम्याउन धौधौ पर्नेगरी बीपी राजमार्ग भत्कनुको मुख्य कारण रोसी खोलाको सतह माथि उठ्नु रहेको मानिन्छ। सडक पुनर्निर्माणका लागि सरकारले जापानसँगै सहयोग मागेर जोहो गरे पनि रोसीको सतह उकास्ने क्रसर दैत्यहरूलाई भने तह लगाउन ध्यान दिएको छैन। अर्थात्, पुनर्निर्माण सकिँदा नसकिँदै रोसीको सतह अझ माथि उठ्ने र सडक फेरि क्षतिग्रस्त हुने जोखिम बलियो देखिन्छ। बीपी राजमार्गमा देखिएको यो आत्मघाती रोगबाट देशका प्रायः सबै खोला र नदीहरू ग्रस्त पारिएका छन्। यस्तो प्रवृत्ति नरोकी विनाशका लागि प्रकृतिलाई दोष दिनु लबस्तरो प्रवृत्ति हो।

यसैले रोसी खोलालगायत देशका सबै नदीहरूमा कम्तीमा मनसुन अवधिभर मेसिन लगाएर खोतल्न निषेध गरिनुपर्छ। सडककै मर्मत गर्दा पनि त्यही सडकलाई क्षति पुग्ने गरी ढुंगाबालुवा खोतल्न दिनु हुँदैन। हिउँदमा पनि नदीको तट र सतहका साथै सडक, पुलहरूमा क्षति पुग्ने गरी ढुंगाबालुवा झिक्न कडाइका साथ रोकिनुपर्छ। हुन त, चुरे भत्काएर ढुंगा बेच्ने कार्यक्रम बनाउने सरकारले नदी वा खोला किनारमा ढुंगाबालुवा झिक्न रोकेर विनाशबाट जोगाउन गरिएको आग्रहलाई के वास्ता गर्ला र ? त्यसमाथि, दैत्याकार क्रसर तैनाथ गरेर खोलानदीविरुद्ध जाइलाग्ने 'ढुंगाबालुवा माफिया' राजनीतिक नेता र प्रशासकहरूकै स्वामित्व वा संरक्षणमा छन् भनिन्छ।

चुरे विनाशलाई बेवास्ता गर्दा अहिले मधेस प्रदेशलाई 'संकटग्रस्त' क्षेत्र घोषणा गर्नुपरेको छ। रोसीका क्रसर माफियाको प्रकोप त गएको वर्ष नै देखिइसक्यो। अझै पनि शासकहरूको चेत खुल्दैन भने नेपाली जनताले निकै महँगो मूल्य चुक्ता गर्नुपर्नेछ। शासकहरू पनि उम्किन पाउनेछैनन्।

## सिराहामा...

मलखाद कहाँबाट पाउने बुझ्न आए बताउनुभयो। गाउँपालिकामा रहेका कृषि सहकारीले मलखाद्य उपलब्ध नगराउने मलखाद लिन गएपछि आएको मलखाद सकिएको जवाफ दिएपछि कम्पनि लिमिटेडको कार्यालयमा नै बुझ्न आएको उहाँले सुनाउनुभयो। यस्तै सखुवनन्कारकट्टी गाउँपालिकामा रहेको कृषि सहकारीले राजनीतिक आस्थाको आधारमा मल वितरण गरिरहेको र सर्वसधारण किसानले पाउन नसकिरहेको गुनासो स्थानीय भोगेन्द्र यादव बतानुभयो। शिवनाथ यादव र भोगेन्द्र यादव जस्तै गुनासो गर्ने किसानहरूको संख्या उल्लेखनीय छन्।

यहि जिज्ञासा कम्पनी लिमिटेड शाखा प्रमुख पौडेलसँग राख्दा उहाँले भन्नुभयो, "कृषि सहकारीहरूले मलखादको वितरणमा पारदर्शिता नीति अवलम्बन नगरेको व्यापक गुनासोको आधारमा साउन १८ गते सिराहा नगरपालिकामा सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा अनुगमन गर्दा केहि सहकारीको मल बजारमा बढी मूल्यमा बिक्री गरेको भेटिएको छ। सिराहा नगरपालिका प्रमुख डा. नविनकुमार यादवले ६०० बोरा मल एउटै हनुमानबाबा सहकारीबाट बिक्री भएको पाएको छ। यस्तो समस्या नवराजपुर भगवानपुर गाउँपालिकाबाट समेत आएको छ।" दोस्रो पटक आएको अठार हजार ६०० बोरा डिएपी मल लहान नगरपालिकाले दुई हजार ०९० बोरा, धनगडीमाई नगरपालिकाले एक हजार ५५५ बोरा, गोलबजार नगरपालिका एक हजार ५१० बोरा, कल्याणपुर नगरपालिका एक हजार ४७० बोरा, सिराहा नगरपालिका दुई हजार २०० बोरा, सुखीपुर नगरपालिका एक हजार २९० बोरा, मिर्चैया नगरपालिका एक हजार २९० बोरा, कर्जन्हा नगरपालिका ७५० बोरा,लक्ष्मीपुर पतारी गाउँपालिका ८७० बोरा, अर्नमा गाउँपालिका ७५० बोरा, सखुवानन्कारकट्टी गाउँपालिका ६७० बोरा,भगवानपुर गाउँपालिका ६३० बोरा,नवराजपुर गाउँपालिका ७१० बोरा,बरियारपटी गाउँपालिका ९५० बोरा, औरही गाउँपालिका ८१० बोरा, नरहा गाउँपालिका ५५० बोरा र विष्णुपुर गाउँपालिकालाई ५१० बोरा वितरण गरिएको शाखा प्रमुख पौडेलले जानकारी गराउनुभयो।

# महिनावारी, एक धार्मिक सरुवा रोग

## महिनावारीको विज्ञान र विश्वास

**विनिता खनाल**

महिलाको शरीरले प्रत्येक महिना सम्भावित गर्भ धारणको तयारी गर्छ। जब त्यो गर्भधारण हुँदैन, तब पाठेघरको भित्तोबाट रगत बग्ने प्रक्रिया सुरु हुन्छ, यसैलाई महिनावारी भनिन्छ। महिनावारी चक्रको पहिलो दिन रक्तस्राव सुरु भएको दिनलाई मानिन्छ। करिब पाँच दिनसम्म रक्तस्राव हुने र त्यसपछि महिलाको शरीरमा 'एस्ट्रोजन' नामक हर्मोनको मात्रा बढ्न थाल्छ। यसले गर्भाशयको भित्तो 'एन्डोमेट्रियम'लाई बाक्लो र गर्भधारणका लागि तयार बनाउँछ।

त्यसैबिच अण्डाशयमा रहेका 'फोलिकल्स'मा अण्डा बन्न थाल्छ। चक्रको करिब १२ देखि १४ दिनमा (चक्र २८ दिनको छ भने) एउटा परिपक्व अण्डा अण्डाशयबाट निस्कन्छ, यसलाई 'ओभुलेसन' भनिन्छ। ओभुलेसन महिनावारी चक्रको पहिलो दिनपछि १० देखि २१ दिनभित्र जुनसुकै दिन हुन सक्छ। गर्भधारण भएन भने हर्मोनहरू (एस्ट्रोजेन र प्रोजेस्टेरोन')को मात्रा घट्छ, जसका कारण पाठेघरको भित्तो 'एन्डोमेट्रियम'को तह टुट्दै जान्छ र शरीरबाट बाहिर निस्कन्छ, यही प्रक्रिया नै महिनावारी हो। यसरी महिनावारी चक्रका क्रममा पाठेघरको भित्री तह बिस्तारै बाक्लो बन्ने र पुनः भत्किने प्रक्रिया चलिरहन्छ। सामान्य महिनावारी चक्रमा करिब १२ देखि १४ दिनको आसपासमा यो तह (एन्डोमेट्रियम) सबैभन्दा बाक्लो हुन्छ तर यो बिचमा गर्भधारण भएन भने यो तह भत्किन थाल्छ। उक्त तह भत्किएर बाहिर निस्किँदा रगत बग्ने गर्छ।

पुरुषको शुक्राणुसँग अण्डाको भेट भएर गर्भाधान ( फर्टिलाइजेसन) हुन्छ। त्यो फर्टिलाइज्ड अण्डा फ्यालोपियन ट्युब हुँदै गर्भाशयको भित्तोमा गएर टाँसिन्छ। यस प्रक्रियालाई 'इम्प्लान्टेसन' भनिन्छ। यसबिच शरीरले एचसीजी नामक हर्मोन उत्पादन गर्छ। गर्भ परीक्षण गर्दा यही एचसीजी हर्मोन परीक्षण गरिन्छ। यसरी महिनावारी महिलाको स्वास्थ्य र प्रजनन क्षमताको प्राकृतिक चक्र हो, जसले महिला शरीरलाई सम्भावित गर्भ धारणको तयारी गर्न र त्यसको सफलताका आधारमा फेरि चक्र दोहोऱ्याउन मद्दत गर्छ।

यो त भयो, विज्ञानका कुरा। हाम्रो समाजको वास्तविकता र यो वैज्ञानिक यथार्थबिच कतै तालमेल मिलेको देखिँदैन। हाम्रो समाजको आँखामा महिनावारी भनेको महिलाको जीवनमा आउने यस्तो अवस्था हो, जहाँ महिलाले अरू सामान्य मानिससरह जीवन जिउन पाउँदिनन्। अझै पनि सहरदेखि गाउँसम्म कतिपय परिवारमा महिनावारी बार्ने चलन छ। यस्तो बेला महिलालाई समाजबाट अलग गरिन्छ, कसैलाई छुन पाइँदैन, सधैँ पूजा गर्ने देवताको पूजा गर्न निषेध गरिन्छ। भान्सामा पस्न पाइँदैन, छुट्टै भाँडा प्रयोग गर्नुपर्छ, छुट्टै सुत्नुपर्छ। उनले छोएको सबै कुरा अपवित्र ठानिन्छ। त्यो पाँच दिनका लागि मानौँ उनी कुनै भयानक सरुवा रोग लागेकी संक्रमित हुन्, जसलाई टाढा राख्नैपर्छ अन्यथा पूरै समाज नष्ट हुन्छ।

कोभिड महामारीका बेला संक्रमितलाई अलग कोठामा राखियो, परिवारसँग टाढा गरियो, खानेकुरा छुट्टै राखियो, कसैले छोएनन्। किनभने त्यो एक गम्भीर सरुवा रोग थियो तर सोच्नुस्, आफ्नो शरीरको प्राकृतिक प्रक्रिया अनुभव गरिरहेका आधारमा कसैलाई त्यही व्यवहार किन गरिन्छ ? महिनावारी भएका महिलामाथि हाम्रो समाजले गरिरहेको व्यवहार कोभिड संक्रमितमाथि गरिने 'आइसोलेसन' भन्दा के फरक छ ? नेपाली समाजको आँखामा बाँधिएको यो पट्टी फुकाउनु मानव इतिहासमा निकै ठुलो चुनौती बनेको छ।

सामान्यतया महिलाले आफ्नो जीवनकालमा झन्डै चार सय पटकसम्म महिनावारीको अनुभव गर्छन्। आफ्नो जीवनको सरदर सात वर्ष महिलाले महिनावारी भएर बिताउने गर्छन्। नेपालमा महिनावारीलाई छाउ हुनु, पर सर्नु, टणिनु, पाखा लाग्नु, बाहिर हुनु, नछुने हुनुजस्ता विविध नामले पुकार्ने गरिन्छ। महिनावारी भएकी महिलालाई सुदूरपश्चिम तथा कर्णालीमा छाउपडी भनिन्छ। यो अवधिमा महिलाले के भोग्नुपरेको छ, त्यो भोग्ने महिलालाई बाहेक अरु कसलाई अनुमान होला र ?

शारीरिक विकासको एक सामान्य प्रक्रिया हुँदाहुँदै पनि महिनावारी हाम्रो समाजको यस्तो बाध्यात्मक चक्रमा फसेको छ, जहाँ पढे–लेखेका भनिएका पुरुषले महिलालाई महिनावारी बार्न लगाउँछन्। महिनावारीको व्यथा महिलालाई नै थाहा हुन्छ। कहिले दुखेर ऐय्या आत्था भन्दै कराउनुपर्छ, ढाड दुखेर पेट नै फुट्लाझैँ हुन्छ, कहिले रगतको खोलो बगिरहेको हुन्छ, कहिले झनक्क रिस उठ्छ। हरेक महिनाजसो यस्ता शारीरिक अनि मानसिक परिवर्तनसँग जुधिरहेका बेला सबैभन्दा बढी कसैको साथ र हौसलाको खाँचो पर्छ। त्यही बेला तिमी छुन नमिल्ने भयौँ, हेर्न नमिल्ने भयौ भनेर अलग्गै बस्नुपर्ने कस्तो बाध्यता होला ?

कसैलाई जन्म दिन एउटा शरीर तयार भइरहेको अवस्था हो महिनावारी। मानवलाई जन्म दिनुजस्तो सुन्दर कुरा मानवका लागि यो धर्तीमा अर्को के छ ? हाम्रो समाजमा आमालाई भगवान्कै दर्जा दिन्छु भन्नेहरू छन् तर त्यही आमा बन्ने योग्यता वा प्रक्रिया ( महिनावारी)लाई किन घृणा ? नारी भएकै कारण आफूमाथि भएको अन्याय सहेर बस्नुपर्ने, केही बोले धर्म–संस्कार नमान्ने भइने— यो कस्तो बाध्यता हो ?

यो बाध्यता नेपालमा मात्र सीमित भने छैन 'एम गुटरम्यान, पी मेहता र एम गिब्सले विश्व स्वास्थ्य र सामाजिक राजनीति विद्युतीय जर्नलमा सन् २००७ मा 'महिनावारीसँग सम्बन्धित कुरीति र विश्वका प्रमुख धर्महरू' शीर्षकको लेख लेखका छन्। जसमा भनिएको छ, 'धेरैजसो क्रिस्चियन सम्प्रदायले महिनावारीसँग सम्बन्धित विशेष नियम वा संस्कारहरू अनुशरण गर्दैनन् तर क्रिस्चियन प्रभावमा रहेको पश्चिमी सभ्यतामा प्रायः महिनावारीबारे विभिन्न निषेध प्रचलित थिए, जहाँ महिनावारी भएकी महिलालाई खतरनाक मानिन्थ्यो र उनीमाथि सामाजिक प्रतिबन्ध लगाइन्थ्यो। क्याथलिक धर्ममा समेत महिलाले महिनावारीका बेला यौन सम्बन्ध राख्न हुँदैन भन्ने विश्वास छ। रुसका अर्थोडक्स क्रिस्चियनहरूले अझ कठोर नियम पालना गर्छन्। यस्तै इस्लाममा महिनावारीलाई धार्मिक दृष्टिले महिनावारीको समयमा महिलाले मस्जिद प्रवेश गर्न, प्रार्थना वा रमजानको उपवास गर्न, कुरान छुन वा पाठ गर्न पाउँदैनन्। सात दिनसम्म यौन सम्बन्ध निषेध हुन्छ। अझै हिन्दु धर्म मान्नेहरूले त महिनावारी भएकी महिलालाई 'अशुद्ध' वा 'दूषित' मान्ने परम्परा छ र कतिपय ठाउँमा यसलाई 'श्राप' पनि भनिन्छ।'

यति भनिरहँदा हामीले स्वीकार गर्नुपर्ने पाटो के छ भने शरीरबाट रगतको धारा बगिरहँदा 'फोहोरी भइस्' भन्ने सुविधा पक्कै मिल्छ तर 'पापी', 'अछुत वा अशुद्ध' भन्ने किन ? प्रकृतिले प्रकृति चलाउन भनी दिएको सबैभन्दा सुन्दर उपहारलाई यति अपवित्र कसले बनाइदियो ? के हाम्रा धर्मशास्त्रमा यस्ता नियम लेखिएका छन् ?

अर्कोतिर बुद्ध स्वयंले आन्तरिक शुद्धताको कुरा गर्नुहुन्छ र बाह्य शुद्धताभन्दा मनको करुणा, अहिंसा र प्रेमपूर्ण दृष्टिकोणमा जोड दिनुभएको छ, बुद्धको शिक्षा अनुसार महिनावारीलाई अपवित्रताको विषय मानिदैन न त कुनै ग्रन्थमा यो कुरा लेखिएको नै छ। परापूर्वकालमा हाम्रा पुर्खाले सायद महिनावारी भएका बेला काम गर्न नपरोस् भनी हाम्रै हितका लागि यसरी आरामका निम्ति समय छुट्ट्याइदिएका थिए होला तर अहिले ? युग फेरियो, समयले फड्को माऱ्यो तर सोच त्यही युगमा कतै छुट्यो। भन्नलाई त एआईको जमाना भन्छौँ तर विश्वमा राज गरेर बसिरहेका हाम्रो सामान्य 'ह्युमन इन्टेलिजेन्स'ले नै आफ्नो अस्तित्व किन खोज्न सकिरहेको छैन ?

यति भनिरहँदा सबैको मुखमा झुन्डिएको एउटा बनावटी जवाफ आउँछ 'पुर्खादेखि चलिआएको हाम्रो परम्परा हो यो, कहाँ यसरी छोड्न मिल्छ ?' यो विभेद अन्त्य गरौँ भन्दा नास्तिकको ट्याग पाइन्छ। हुन त हामी एक यस्तो पुरुषप्रधान समाजमा बस्छौँ, जहाँ महिलाले पाउनुपर्ने कुनै कुनै आधारभूत अधिकारका कुरा महिलाका लागि सुनिश्चित भयो भने 'यति गरिदिएकै छौँ त' भन्ने अहं पुरुषमा पाइन्छ। प्रिंसेटन विश्वविद्यालयकी प्राध्यापक लुवा टाइसनको 'नारीवादी समालोचना' शीर्षकको लेखमा उल्लेख छ, 'पुरुषप्रधान समाजमा व्याप्त पुरुषवादी चिन्तन तथा व्यवस्थाबाट टाढिनु मुस्किल छ। फेरि यसरी यसलाई पुरुषवादी चिन्तन तथा व्यवस्था भनिरहँदा लाग्न सक्छ, महिला स्वयंले पनि यो विभेद गरेका छन्, त्यो के हो त ? वास्तविकता यो पनि हो। महिला भएर एक महिलाको दुःख बुझ्नुको साटो अझै दुःख र पीडा दिने महिलाहरूको संख्या हाम्रो समाजमा कम छैन।'

नारिवादी चिन्तक प्राध्यापक लुवा टाइसन अगाडि लेख्छिन्, 'पुरुषप्रधान समाजमा कोही महिलाहरू पुरुषवादी चिन्तन र व्यवस्थासँग यतिसम्म 'प्रोग्राम्ड' भइसकेका हुन्छन् कि पुरुषवादी चिन्तन र व्यवस्थालाई उनी आफ्नै चिन्तन र व्यवस्था मान्न थाल्छन्। ती महिला पुरुषवादी चिन्तन लागु गर्न सहायक बनिरहेका हुन्छन्, महिलाहरू माथि भएको विभेदको पत्तै पाउँदैनन्। तिनीहरूमा महिला विभेदप्रतिको चेत मरिसकेको हुन्छ।'

यति आवाज उठिरहँदा र यति धेरै कोसिस भइरहँदा पनि परिवर्तन कागजका खोस्टामा सीमित भएको छ। सदियौँदेखि पुस्ता–पुस्तामा सर्दै आजसम्म आइपुग्दा पनि अवस्था यति दर्दनाक छ। त्यसैले महिनावारी एक नारीका लागि वरदान हो तर यसलाई लिएर भाँडिएको समाजको ठुलो कित्ता एक सरुवा धार्मिक रोगको सिकार छ।

संविधान र कानुनमा महिलालाई समानता र भेदभावरहित जीवन जिउने अधिकार सुनिश्चित गरिएको छ। महिनावारी विभेदलाई छाउपडीको नामसँग जोडेर २०७४ सालमा गैरकानुनी घोषित गरिएको थियो। संविधान व्यवस्था गरिएका ३१ वटा मौलिक हकले यस्ता कार्यलाई स्वीकार गर्दैनन्। यद्यपि महिनावारी भएका बेला बार्ने एक चलनले मात्र एक साथ यी सबै अधिकार आफ्नो पैतालामुनि कुल्चिएको अवस्था छ। अब महिनावारीको विभेदलाई 'महिला हिंसा किन नभन्ने ?' भन्ने प्रश्नको जवाफ नेपाली समाजसँग माग्नुपर्नेछ। महिनावारी हुनु पाप हो भने यसलाई पापको संज्ञा दिन सक्ने ती व्यक्ति पनि पापी हुनुपर्ने हो। ( खनाल पूर्वाञ्चल युनिभर्सिटीमा पब्लिक हेल्थमा स्नातकमा अध्ययनरत छन्। रातोपाटीबाट

## जथाभावी माटो .....

गरिएको पुल छेउछाउबाट खोला सफा गर्ने नाममा जेसिबी प्रयोग गरी माटो समेत निकालिएको थियो। स्थानीयले विरोध गरे पनि वडा कार्यालय र पालिकाले बेवास्ता गर्दा त्यसको मार अहिले परेको स्थानीयको गुनासो छ। पुल भासिएपछि सिरहाको पश्चिमी भेगमा पर्ने निर्दना, भेडिया, सिक्रौन गाउँबाट मिर्चैया आवतजावत गर्न कठिनाई भएको छ।

# किसान बहुउद्धेशिय बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**बरियारपट्टी गा.पा.-०५, जिभ्कौल, सिरहा**

## शिलबन्दि दरभाउ आब्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति :-२०८२/०४/२० गते**

यस किसान बहुउद्धेशिय बचत तथा ऋण सहकारी संस्था लिमिटेड ले ग्रामिण उधम तथा आर्थिक विकास आयोजना (REED) आर्थिक करिडोर कार्यालय बर्दिबासको पुरक अनुदान र यस समूहको लगानीमा संचालित व्यवसायिक दुध उत्पादन तथा बजारीकरण उप-आयोजना अन्तर्गत भैसी खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट मान्यता प्राप्त सप्लायर्सहरु/आपूर्तिकर्ताहरुले आ-आफ्नो संस्थाको स्थायी लेखा नं., दर्ता प्रमाणपत्र, आयकर प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र र कालोसूचीमा नपरेको स्वघोषण पत्र संलग्न राखी निम्न अनुसारको शर्तहरुको अधिनमा रही मिति २०८२/०५/०४ गते दिनको १२:०० बजे भित्रमा रितपूर्वक सिलबन्दी दरभाउपत्र पत्र पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ।

- इच्छुक सप्लायर्सहरु/आपूर्तिकर्ताहरुले थप जानकारी यस संस्थाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ।
- इच्छुक सप्लायर्सहरु/आपूर्तिकर्ताहरुले मिति २०८२/०५/०३ गतेभित्र कार्यालय समयसम्म दरभाउपत्र पत्र (Bid Document) बापतको रु. ३००० (पछि फिर्ता नहने गरी) बैंकमा जम्मा गरी भौचर लिइ वा कार्यालयमा नगदै जम्मा गरी दरभाउपत्र पत्र खरिद गर्न सक्नेछ।
- सप्लायर्सहरु/आपूर्तिकर्ताले सिलबन्दी दरभाउपत्रपत्र पत्र पेश गर्दा नेपाल सरकारको नियमानुसार बैंक जमानत पत्र (Bank Guarantee) जम्मा गरी सोको भरपाई वा सोझै यस संस्थाको कार्यालयमा बुझाउनुपर्ने छ ।
- तोकिएको समय भन्दा पछाडी पेश हुन आएका दरभाउपत्र पत्र मान्य गरिने छैन। मिति २०८२/०५/०४ गते दिनको १२:३० बजे यसै संस्थाको कार्यालयमा संस्थाको पदाधिकारीहरु, सप्लायर्सहरु/ आपूर्तिकर्ताहरु तर्फबाट आएका प्रतिनिधिहरुको रोहवरमा पेश भएका दरभाउपत्रहरु खोलिनेछ। सप्लायर्सहरु/आपूर्तिकर्ताहरुका तर्फबाट प्रतिनिधिहरु नआएको खण्डमा दर भाउपत्र खोल्न वाधा पर्ने छैन।
- सप्लायर्सहरु/आपूर्तिकर्ताहरुले फार्मको उद्देश्यभित्र रही एक वा सो भन्दा बढी ठेक्काको लागि शिलबन्दी दरभाउपत्रपत्र/ठेक्का विवरण पेश गर्न सकिनेछ।

**तपशिलः**

| ठेक्का नं. | कार्य तथा सामानको विवरण | बैंक जमानत रकम |
|---|---|---|
| KBBTRSSL-02-2082-083 | मुर्रा क्रस भैंसी खरिद (३२ वटा) | रु.१,२०,०००।- |

संस्थाको बैंक खाताको नामः **किसान बहुउद्धेशिय बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
बैंकको नामः **एन.एम.बी. बैंक** शाखा र ठेगानाः **औरही शाखा, सिरहा**
बैंकको खाता नंः **११२०१४७१३५२०००१०**
सम्पर्क व्यक्तिको नामः **रामरति यादव (९८२६७३२३६०)**
**कमलादेवी यादव (९८२६७१२८७३)**

# गोलबजार नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**गोलबजार, सिरहा**

**मधेश प्रदेश, नेपाल**

## पोखरी ठेक्का सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति २०८२/०४/१९**

यस नगरपालिकाबाट मिति २०८१।०४।१२ गते प्रकाशित पोखरी ठेक्का सम्बन्धी दरभाउपत्र आह्वानको सूचना अनुसार रितपुर्वक दर्ता भई खोलिएका शिलबन्दी बोलपत्रहरु यस नगरपालिकाको मिति २०८२।०४।१९ गतेको मुल्यांकन समितिबाट सारभुत रुपमा प्रभावग्राही देखिएको हुँदा तपसिलमा उल्लेखित बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको लागि यो प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.नं. | ठेक्का विवरण | ठेक्का विवरण र ठेगाना | कबोल अंक रु. (मूल्य अभिवृद्धि कर बाहेक) | स्वीकृत व्यक्ती/ फर्मको नाम, ठेगाना |
|---|---|---|---|---|
| १ | पोखरी ठेक्का | महाजनी पोखरी, सि.नं. ३ ,गो.न.पा. १ | रु. १,२१,०००।- (अक्षरेपी एक लाख एकाईस हजार मात्र) | प्रभात कुमार यादव, गोलबजार-१ |
| २ | | सिचाई बाँध पोखरी, सि.नं. ६,गो.न.पा. १ | रु. २,८०,१००।- (अक्षरेपी दुई लाख असी हजार एक सय मात्र) | राम एकवाल पुर्वे, गोबजार-१ |
| ३ | | कसहा खोला पोखरी, सि.नं.१ ,गो.न.पा. १ | रु. ४०,५००- (अक्षरेपी चालिस हजार पाँच सय रुपैयाँ) | राम किसुन पुर्वे, गोलबजार-१ |
| ४ | | राम भरोसको पोखरी, सि.नं. ५,गो.न.पा. १ | रु. ४०१००- (अक्षरेपी चालिस हजार एक सय मात्र) | अनिल यादव, गोलबजार- १, |

# रूपन्देही–३ उपचुनाव : प्रतिष्ठाको लडाइँ बनाएर होमियो रास्वपा

बुटवल, १९ साउन। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) संघीय संसद्मा रहेका अन्य दलहरूलाई उछिन्दै रूपन्देही–३ उपचुनावको तयारीमा जुटेको छ। आगामी १७ कात्तिकमा हुने उपचुनावका लागि रास्वपाले उम्मेदवार हुन इच्छुक व्यक्तिलाई आवेदन दिन आह्वान गरिसकेको छ। सो दलले साउन ७ देखि २१ सम्म आवेदनका लागि समय दिएको छ।

रास्वपाले चुनाव आउनु दुई महिनाअघि नै उम्मेदवार तय गर्ने भएको छ। पार्टीले सार्वजनिक गरेको कार्यतालिकाअनुसार १५ भदौमा उम्मेदवार तय हुनेछ। रास्वपाले रुपन्देही–३ उपचुनावका लागि उम्मेदवार छनोटको विधिसमेत अन्य दलले भन्दा फरक तय गरेको छ। सहमहामन्त्री एवं लुम्बिनी प्रदेश इञ्चार्ज विपिनकुमार आचार्यको नेतृत्वमा उम्मेदवार छनोटका लागि विधि निर्माण गरिएको छ। प्रारम्भिक चुनावमार्फत उम्मेदवार छनोट गर्ने विधिअनुसार रास्वपाले कार्यतालिका सार्वजनिक गरेको छ।

तनहुँ र चितवनको उपचुनावमा ‘अभूतपूर्व’ सफलता पाएर इलाम र बारामा ‘शर्मनाक’ पराजय भोगेको रास्वपाले रूपन्देही–३ लाई प्रतिष्ठाको विषय बनाएको छ। परिणामस्वरूप, रास्वपाका नेताहरूको रूपन्देही–३ मा आउजाउ बाक्लिएको छ। २०७९ सालमा रास्वपा विनासंगठन चुनावमा होमिएको थियो। उपचुनावलाई संगठन निर्माणको अवसरका रूपमा पनि रास्वपाले अघि बढाएको छ।

रास्वपा नेताहरूको रूपन्देहीमा आउजाउ बढ्नुमा दुईवटा उद्देश्य छन्। ती हुन्– सभापति रवि लामिछाने भैरहवामै कारागारमा रहेकाले उनलाई भेट्ने र त्यही क्षेत्रमा हुन लागेको उपचुनावको प्रचारमा खटिने। कारागारमा सभापति लामिछानेलाई भेटेर फर्केका नेताहरूले उपचुनावलाई प्राथमिकतामा राखेर कुराकानी भएको प्रतिक्रिया दिएका छन्। सभापति लामिछानेलाई भेट्ने नेताहरू रुपन्देही–३ को चुनावमा केन्द्रित हुन निर्देशन दिएको सुनाउँछन्।

सांसद सोविता गौतमले सभापति लामिछानेले जनताका मुद्दा थप प्रभावकारी रूपले उठाउन र उपचुनावमा केन्द्रित हुन पार्टी नेताहरूलाई निर्देशन दिएको प्रतिक्रिया दिइन्। गत साता भैरहवामा रास्वपाको संसदीय दलको बैठक बस्यो। बैठकमा पार्टीका १९ जना सांसदमध्ये १७ जना सहभागी थिए। उपचुनावमा रास्वपाको प्रचार हुनेगरी शीर्ष तहका नेतासहित १७ जना स्थानीयको घरमा बास बसे ।

चुनावी प्रचारका लागि दुई उपसभापतिद्वय डीपी अर्याल र डा. स्वर्णिम वाग्लेको भैरहवा ओर्लने क्रम बढेको छ। प्रचारकै लागि उपसभापति वाग्ले पछिल्लो समय तीनपटक रूपन्देही–३ मा पुगेका छन्। सभापति लामिछाने रूपन्देही–३ मा कारागारमा रहेको हुँदा पनि प्रचारमा सहयोग पुग्ने रास्वपाका नेताहरूको विश्वास छ। ‘पार्टी सभापतिलाई अ ासार गर्न दिएनन्। रूपन्देही–३ मै हुनुहन्छ,’ उपसभापति वाग्लेले सभापतिसँगको भेटपछि पत्रकारलाई भने, ‘अलिअलि प्रभाव त परिहाल्छ नि।

रास्वपाका केन्द्रीयदेखि जिल्ला तहका नेताहरू स्थानीयको घरघर पुगेका छन्। नेताहरूले घरदैलोलाई प्राथमिकतामा राख्नुका साथै पेसागत क्षेत्रमा आवद्ध व्यक्तिहरूलाई भेटेर कुराकानी गरेका छन्। ७ असारबाट सुरु भएको हस्ताक्षर अभियानलाई समेत रूपन्देही–३ मा प्रचार अभियानसँगै जोडिएको छ। आसन्न चुनावमा माहोल बनाउन नेताहरू यस क्षेत्रमा रहेका ७ वटै पालिकाका वडाहरूमा पुगेका छन्।

अघिल्लो साता क्षेत्रमा दुई दिन खटिएका नेताहरू बुटवल, सिद्धार्थनगर, तिलोत्तमा, मायादेवी, ओमसतिया, सियारी र शुद्धोधनका वडाका मतदाताकहाँ पुगे। रास्वपा प्रवक्ता मनिष झाले अहिले पार्टी हस्ताक्षर अभियानमा केन्द्रित हुनुको अर्थ त्यसभित्र चुनावी उद्देश्यसमेत रहेको खुलाए। ‘चुनाव लागिसक्यो, हाम्रो हस्ताक्षर अभियानभित्र चुनाव लुकेको छ,’ झा भन्छन्।

दुई दिनसम्म रूपन्देही–३ मा रहँदा मतदाताका धेरै कुरा सुन्न पाएको पार्टी प्रवक्ता झाले बताए। ‘मुख्य कुरा पुराना दलबाट वाक्क भएकाले अब नयाँ नै रोज्ने हो। धेरैले अबको चुनावमा मत परिवर्तन गर्छौं भन्नुभएको छ,’ प्रवक्ता झा भन्छन्, ‘हस्ताक्षर अभियानमा आम मतदाताको उत्साहजनक सहभागिता छ। चुनाव आचारसंहिता लागू नहुँदासम्म जारी राखेर करिब एक लाख हाराहारी हस्ताक्षर यही क्षेत्रमा पुऱ्याउँछौं।’

गत चुनावमा रूपन्देही–३ मा रास्वपा समानुपातिकतर्फ १४ हजार मतसहित तेस्रो स्थानमा रहेको थियो। रास्वपाका उम्मेदवारले प्रत्यक्षतर्फ पनि तेस्रो स्थानको मत ल्याएका थिए। रास्वपा उम्मेदवार जीतबहादुर गुप्ता तेलीले गत चुनावमा ५ हजार ७९६ मत ल्याएका थिए। समानुपातिकतर्फ पहिलो स्थानमा कांग्रेस र दोस्रो स्थानमा एमालेले मत ल्याएका थिए ।

प्रत्यक्षतर्फ एमालेसँग चुनावी तालमेल गरेर राप्रपाका दीपक बोहरा निर्वाचित भएका थिए। उनीसँग कांग्रेस नेता एवं तत्कालीन गृहमन्त्री बालकृष्ण खाँण पराजित भएका थिए। एक लाख ३० हजार बढी मतदाता रहेको यस क्षेत्रमा करिब ९० हजार मत खसेको थियो। गत स्थानीय तह र समानुपातिक मतको आधारमा यस क्षेत्रमा कांग्रेस पहिलो दल हो ।

रुपन्देही–३ को उपचुनावमा सन्तोष गिरी, किरण विक, लेखनाथ गैरे, अजयकुमार गुप्ता लगायतले स्वतन्त्र उम्मेदवारी घोषणा गरेका छन्। उम्मेदवारी घोषणा गरेर प्रचारमा जुटेका गिरीले रास्वपासँग सहकार्य हुनसक्ने बताएका थिए। पार्टीले तय गरेको विधि अपनाएर मात्रै उम्मेदवार हुन पाउने रास्वपाले जनाएको छ। प्रवक्ता झा भन्छन्, ‘जोसुकै हाम्रो पार्टीको प्रक्रियाभित्र आउनुभयो र हाम्रो दलभित्र योग्य र सक्षम देखिनुभयो भने उहाँलाई नै उम्मेदवार बनाउन पनि सक्छौं। तर, प्रक्रिया बाहिरबाट आएको व्यक्ति उम्मेदवार हुने अवस्था हुँदैन।’

एमाले र कांग्रेस सम्मिलित सरकारले जनअपेक्षाअनुसार काम नगरेको निर्क्योलसहित रास्वपा नेताहरू मतदाताकहाँ पुगेका छन्। उपसभापति डीपी अर्यालका अनुसार वर्तमान गठबन्धन सरकारप्रति जनता आशावादी छैनन्। प्रदेश र स्थानीय सरकारबाट पनि जनताका माग सुनुवाइ नभएकाले सुशासन र भ्रष्टाचार अन्त्यका लागि एकपटक रास्वपालाई हेर्नुपर्छ भन्ने जनमत देखिएको अर्यालले दाबी गरे। घरदैलोका क्रममा नागरिकले उत्साहपूर्ण सहभागिता जनाएको अर्यालले बताए।

रूपन्देही–३ को चुनाव प्रचारमा पूरै पार्टीको शक्ति परिचालित हुँदा जिल्लाका तथा क्षेत्रका रास्वपा नेताहरू उत्साहित छन्। रूपन्देही–३ का रास्वपा सभापति मधुप्रसाद अर्यालले पार्टीभित्र उत्साह थपिएको बताए। नेताहरू क्षेत्रमा आउने क्रम बाक्लिँदा चुनावी माहोल बनेको अर्यालले प्रतिक्रिया दिए। क्षेत्रीय सभापति अर्यालले यस क्षेत्रमा रहेका ३६ वटै वडामा पार्टी संगठन निर्माण

**–बाँकी अन्तिम पेजमा**

## *हलेँसी दर्शन ...*

### ६ जना डिस्चार्ज

प्रहरीका अनुसार दुर्घटनामा सामान्य घाइते भएका तीन/तीन जना महिला र पुरुष डिस्चार्ज भएका छन्। डिस्चार्ज हुनेहरुमा नरहा– ५ का करिब ३९ वर्षीय रञ्जित यादव, दिपेन्द्र यादव, करिब ७० वर्षीया कुस्मवती यादव, गोलबजार नगरपालिका– ६ की करिब ३७ वर्षीया शिला शर्मा, औरही गाउँपालिका– २ की मिनाकुमारी शर्मा, करिब १० वर्षीय शिवम् शर्मा छन्। विंगर चालक सिरहा नगरपालिका सारश्वरका करिब २८ वर्षीय रामनाथ साह फरार रहेकाले खोजी गरिरहेको प्रहरीले जनाएको छ। पहाडी भूभागको अप्ठ्यारो सडकमा विंगर केही तीव्र गतिमा रहेकाले अनियन्त्रित भएर सडकमुनि खसेको अनुमान गरिएको छ। दुर्घटनाको जानकारी पाएलगत्तै अस्थायी प्रहरी पोष्ट जयरामघाट, प्रहरी चौकी च्यास्मिटार, इलाका प्रहरी कार्यालय हलेसी, नम्बर ७ गुल्म हलेसी र हर्कपुर ओखलढुंगाबाट खटिएको प्रहरी टोलीले घाइतेहरुको उद्धार गरेको प्रहरीले जनाएको छ।

# कृष्णा कृषक समुह

**गोलबजार नगरपालिका-९, सिरहा**
**मधेश प्रदेश**

## शिलबन्दि दरभाउ आब्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०४/२०**

यस कृष्णा कृषक समुहबाट तपशिल बमोजिम कार्य शिलबन्दी दरभाउ पत्र माध्यमबाट गराउनु पर्ने भएकोले नेपाल सरकारबाट मान्यता प्रापत सप्लायर्सहरु/आपूर्तिकर्ता/व्यसायीहरु लाइ आ–आफ्नो संस्थाको स्थायी लेखा.नं .दर्ता प्रमाणपत्र,आयकर दर्ता प्रमाणपत्र,कर चुक्ता प्रमाणपत्र र कालो सूचीमा नरहेको स्वघोष्णा–पत्र संलगन राखि निम्न अनुशारको शर्तहरुको अधिनमा रहीमिति २०८२/०५/०४ गतेभित्र बोलपत्र खरिद गरिमिति २०८२/०५/०४ गते दिनको १२:३० बजे भित्रमा रितपूर्व शिलबन्दी दरभाउ पत्र पेश गर्नु हुन् यो सुचना प्रकाशित गरिएको छ ।

शर्तहरु

१. ईचछुकआपूर्तिकर्ताले यस उप–आयोजनाको लागि आवश्यक कार्य सम्बन्धि थप जानकारी यस संस्थाको कार्यालय बाट प्राप्त गर्न सकने छ।

२. ईच्छुक आपूर्तिकर्ताले दरभाउ पत्र (Bid Document)बापतको रु.३००० /–(पछी फिर्ता नहुने गरि ) बैंकमा जम्मा गरेको भौचर पेश गरि वा सोफै कार्यालयमा नगद जम्मा गरि लिन सकने छ।

३. आपूर्तिकर्ता /निर्माण व्यवसायीले शिलाबन्दी दरभाउ पत्र पेश गर्दा नेपाल सरकारले तोके अनुसारको बैंक जमानत रकम (Bid Guarantee) को भर्पाइ वा सोफै नगद यस संस्थाको कार्यालयमा बुझाउनु पर्ने छ।

४. तोकिएको समय भन्दा पछाडी पेश हुन् आएका दरभाउ पत्र मान्य गरिने छैन। मिति २०८२/०५/०४ गते दिनको १:00 बजे यसै संस्थाको कार्यालयमा संस्थाका पदाधिकारीहरु र आपूर्तिकर्ताको तर्फ बाट आएको प्रतिनिधिहरुको रोहबरमा पेश भएका दरभाउ खोलिने छ।

५. इच्छुक आपूर्तिकर्ताले फर्मको उदेश्य भित्र रही एक वा सो भन्दा बढी ठेक्का को लागि शिलबन्दी दर भाउ ठेक्का विवरण पेश गर्न सकने छ।

संस्थाको बैंक खाताको नाम :– **कृष्णा कृषक समुह,गोलबजार नगरपालिका–९,सिरहा**
बैंक खातान. :– **२७०१००००००४३००१**
बैंक खाता :– **राष्ट्रिय बाणिज्य बैंक,गोलबजार शाखा**

| ठेक्का नं. | कार्य तथा सामानको विवरण | बैंक जमानत रकम |
| --- | --- | --- |
| KKS-01-2082/83 | कृषि सामार्गी (Chaff Cutter, Chilling Vat, Milk Can, Milk Analyser) | रु.२७५००।– |
| KKS-02-2082/83 | मुरा क्रोस भैसी (२५) | रु.९३७५०।– |

७ . सम्पर्क न. :– ९८१६७५९९९८


# मधेसमा स्वास्थ्य बीमा गराउने साढे ७ लाखभन्दा बढी



धनुषा, १९ साउन। मधेस प्रदेशमा स्वास्थ्य बीमा गराउनेको संख्या सात लाख ५० हजार नाघेको छ। सरकारले नागरिकलाई सहज र सुलभ रूपमा सरकारी स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गराउन ल्याएको यस कार्यक्रमअन्तर्गत यही साउन १६ गतेसम्म प्रदेशका आठै जिल्लाबाट सात लाख ७९ हजार दुई सय ६५ जनाले स्वास्थ्य बीमामा आबद्ध भएको स्वास्थ्य बीमा बोर्डका मधेस प्रदेश संयोजक रामेन्द्रप्रसाद कुशवाहाले जानकारी दिए। यससँगै प्रदेशमा बीमा गराउनेको संख्या करिब १३ प्रतिशत पुगेको छ ।

मधेस प्रदेशमा राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुसार ६१ लाख १४ हजार छ सय कूल जनसंख्या रहेको छ। उनले स्थानीय तह तथा प्रदेश सरकारसँग समन्वय गरी कार्यक्रमलाई अझ प्रभावकारी बनाउने प्रयास भइरहेको बताए। प्रदेश सरकारको आर्थिक सहयोगमा मधेसका सहिद परिवारलाई निःशुल्क बीमा गरिएको छ। गत आर्थिक वर्षमा प्रदेश सरकारले विनियोजन गरेको रु ४० लाखले केही सहिद परिवारलाई बीमामा आबद्ध गरिएको उनले बताए। सबै सहिद परिवारको पहिचान गर्न नसकिएर, ठेगाना यकिन गर्न नसकेर र कतिपय परिवार बसाइसराइ गरेर गएकाले पूर्ण रूपमा सहिद परिवारलाई बीमामा समावेश गर्न कठिन भएको उनको भनाइ छ।

उनका अनुसार सरकारले सञ्चालनमा ल्याएका आधारभूत अस्पताललाई बीमा सेवाअन्तर्गत ल्याउने प्रयास भइरहेको छ। साथै, क्यान्सर, मुटु रोग, डायलासिस, हेड इन्जुरी, स्पाइनल इन्जुरी जस्ता जटिल रोगका बिरामीका लागि प्रमाणको आधारमा थप रु एक लाखको बीमा सीमा थप गरिएको छ। नियमित नवीकरण गरिएकामा भुक्तानी शुल्कमा सहुलियत व्यवस्था पनि गरिएको छ। मधेस प्रदेशमा स्वास्थ्य बीमा कार्यक्रम २०७३ सालदेखि सुरु भएको हो भने २०७५ सालबाट आठ वटै जिल्लामा विस्तार गरिएको थियो।

बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाउन प्रत्येक वडामा रहेका दर्ता सहयोगीलाई घरदैलोमै पठाएर नागरिकलाई बीमामा सहभागी गराउने अभियानमा रहेको प्रदेश संयोजक कुशवाहाले जानकारी दिए।

# धार्मिक पर्यटन मधेस प्रदेशको समृद्धिको आधार हो : मुख्यमन्त्री सिंह

महोत्तरी, १९ साउन। मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले धार्मिक पर्यटन मधेसको समृद्धिको मुख्य आधार भएको बताएका छन्। साउने सोमबारको अवसरमा महोत्तरीको बर्दिबास–५ टुटेश्वरस्थित टुटेश्वरनाथ महादेवको दर्शनपछि मुख्यमन्त्री सिंहले धार्मिक पर्यटन मधेसको कृषिपछिको आर्थिक समृद्धिको मुख्य आधार बन्ने उल्लेख गरे। 'मधेसका कोशीदेखि ठोरीसम्म प्रसिद्ध धार्मिकस्थल छन्, हामीले यहाँ पर्यटन प्रवर्द्धन केन्द्रित पूर्वाधार निर्माण र सम्पदाको संरक्षण गर्न पर्दछ', सिंहले भने, 'मधेस प्रदेश सरकार यिनको विकास र सम्वर्द्धनप्रति प्रतिबद्ध छ।' महोत्तरीका टुटेश्वरनाथ, पञ्चधुरा माईस्थान र राइमण्डल धाम क्षेत्रमा प्रदेश सरकारको चासो यसबिचमा थालिएका कामबाट देखिने उनले बताए।

महोत्तरीका टुटेश्वरनाथ, पञ्चधुरा माईस्थान र राइमण्डलधाम सघन वन क्षेत्रभित्र चुरे पर्वत श्रेणीका काखमा भएका हुँदा भौगोलिक र प्राकृतिक रूपले रमणीय ठाउँ भएको मुख्यमन्त्री सिंहको भनाइ छ। प्रदेश सरकारले आफ्नो भूगोल क्षेत्रका पर्यटकीय क्षेत्रको प्रवर्द्धनका लागि स्थानीय सरकारसँग हातेमालो गरेर अघि बढ्ने प्रतिबद्धता जनाए।

टुटेश्वरनाथ र पञ्चधुरा माईस्थानको दर्शनपछि मुख्यमन्त्री सिंहले त्यहाँ थालिएका पूर्वाधार निर्माणका कामको अवलोकन गरे। त्यस अवसरमा बर्दिबास नगरपालिकाका जनप्रतिनिधि, नगरको संस्कृति तथा पर्यटन प्रवर्द्धन समिति र नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघका पदाधिकारीले पर्यटन प्रवर्द्धनका क्षेत्रमा गरिन पर्ने कामबारे मुख्यमन्त्रीको ध्यानाकर्षण गराएका थिए।

# लुटपाट र हत्याका आरोपी समातिए



राजविराज, १९ साउन। सप्तरी प्रहरीले आइतबार राति लुटपाट र हत्या घटनाका आरोपीलाई नियन्त्रणमा लिएको छ। प्रहरीलाई देख्नासाथ भाग्न लागेका जिल्लाको डाक्नेश्वरी नगरपालिका–८ औरहीका २८ वर्षीय दीपक मरिकलाई गोली चलाएर नियन्त्रणमा लिइएको हो।

मरिकलाई नियन्त्रणमा लिन चार राउन्ड हवाई फायर गरिएको सप्तरी प्रहरीका प्रवक्ता डीएसपी जितेन्द्रकुमार बस्नेतले बताए। 'जघन्य अपराधका घटनामा संलग्नता देखिएका उनलाई गोप्य सूचनाका आधारमा साढे १० बजे राति डाक्नेश्वरी नगरपालिका–५ बाट नियन्त्रणमा लिएका छौं,' उनले भने, 'लुटपाट र हत्या घटनामा पनि उनको संलग्नता देखिन्छ, हामी आजै पत्रकार सम्मेलनमार्फत थप स्पष्ट पार्छौं।'

गत जेठ २२ गते राति जिल्लाको सुरुङ्गा नगरपालिका–८ मल्हनमा टोलमा अज्ञात समूहले लुटपाटपछि स्थानीय ५० वर्षीय कान्तलाल चौधरी र उनका भाइ ४० वर्षीय रामकान्त चौधरीमाथि धारिलो हतियार प्रहार गरेका थिए। हतियार प्रहारबाट कान्तलालको घटनास्थलमै मृत्यु भएको थियो भने ती समूहले ५०/६० हजार नगद, ५ तोला सुन, २ किलो चाँदीसहितका मालसमान लुटेर फरार भएका थिए। घटनापछि प्रहरीले मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरबाट झिकाइएको जंगे ( तालिम प्राप्त कुकुर)को सहायताले सूक्ष्म अनुसन्धान अघि बढाएको थियो। सो घटनामा अन्य केही व्यक्तिलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।

## रूपन्देही–३ ...

हुने क्रममा रहेको दाबी गरे। उनले भने, 'शीर्ष नेता र सिंगो संसदीय दल रुपन्देही–३ मा आउँदा नेता/कार्यकर्ता मात्र होइन, सर्वसाधारणमा पनि पार्टीप्रति आशा र विश्वास बढेको छ।'










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)